## LISP प्रारम्भिक कार्यान्वयन चरण (आ.व. २०८०/०८१)

**उद्देश्य:** LISP  पाइलटको सिकाइ तथा प्रमाणहरुको आधारमा प्रोत्साहन अनुदान (पुँजी तथा जलवायु उत्थाानशील) र  प्राविधिक सहयोग (योजना तथा ईन्जिनियरिङ) लाई समग्र पुर्वाधार सुशासन (योजना तर्जुमा, कार्यान्वयन चरण तथा अनुगमन र मुल्याङ्कन) लाई सवलिकरण तथा संस्थागत गर्नका लागि अझै गहिराई सम्म पु–याउने ।

**कार्यक्रमको वजेट:** ४,१०,६०,१३० (LISP: २,४७,३३,८९० र गाउँपालिका: १,६३,२६,२४०)

**कार्यक्रम लागु हुने वडाहरु:** तिला गाउँपालिकाका सवै वडाहरु

**वित्तिय व्यवस्थापन:**

- पालिकाको लागि सह–वित्तको आवश्यक वजेट WFP ले आफ्नो वित्तिय नियमावली अनुसार उपलव्ध गराउनेछ ।
- WFP र गाउँपालिका विचको संझौता तथा सह–वित्तको रकम SuTRA र वार्षिक योजना तथा वजेटमा उल्लेख हुनुपर्दछ ।
- सह–वित्तको वजेट WFP ले कार्यप्रगति तथा खर्चको आधारमा स्थानीय तहलाईं सोधभर्नाको रुपमा उपलव्ध गराउनेछ ।

**कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु:**

- स्थानीय तहहरुलाई स्थानीय पूर्वाधारको समावेशी योजना तथा बजेट तर्जुमा, कार्यान्वयन तथा जवाफदेहीपूर्ण रुपमा स्थानीय पूर्वाधार सेवा प्रवाह गर्नको लागि प्राविधिक सहायता पुर्याउने,
- उत्थानशिल र हरित पुनर्लाभजन्य स्थानीय पूर्वाधार विकासको लागि GRID अवधारणा अनुसार स्थानीय तहहरुलाई उत्प्रेरणा र प्रोत्साहन (Incentive) को रुपमा प्राविधिक सहायता र सल्लाह तथा Hands-on support, क्षमता अभिवृद्धि सहयोग, र स्थानीय पूर्वाधार निर्माणमा वित्तिय साझेदारी रकम र सह–लगानी (Co-financing) उपलव्ध गराउने,
- सम्वन्धित स्थानीय तहको समग्र जवाफदेहीता र निश्चित जिम्मेवारी रहने गरि उत्थानशिल स्थानीय पूर्वाधार विकासका विभिन्न सम्भाव्य विधि, मोडेलहरु जस्तै सुधारिएको उपभोक्ता समिति मोडेल, उपभोक्ता समिति र ठेक्का मिश्रित मोडेल, ठेक्का मोडेल आदि परिक्षण गरि सिकाईहरु लिने,
- सम्वन्धित स्थानीय तह मार्फत हरित पुनर्लाभमा आधारित उत्थानशिल स्थानीय पूर्वाधार विकासद्धारा रोजगारी श्रृजना गर्ने,
- सम्वन्धित स्थानीय तहको संस्थागत संयन्त्र र जिम्मेवारी मार्फत स्थानीय पूर्वाधार निर्माणको गुणस्तर र निर्मित संरचनाहरुको दीगोपना, मर्मत संभार आदिको सुनिश्चितता गर्ने ।

**कार्यान्वयनमा रहेका आयोजनाहरु:**

| क्र.स. | आयोजनाको नाम | पालिकाद्धारा विनियोजन बजेट रु. | LISP मा प्रस्तावित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | रारा खानेपानी आयोजना | ६०,००,००० | | |
| २ | धुँवाखोला देखि मुखोलासम्म सिँचाई कुलो मर्मत | ५००,००० | | |
| ३ | दोच्याटापु र तिखुनेज्युला तटबन्ध | १५,००,००० | | |
| ४ | रावतबाडा खानेपानी आयोजना | ७००,००० | | |
| ५ | कोटज्यूली देखि बिहानीगाथचौर सम्म सडक स्तरउन्नती | ८००,००० | | |
| ६ | तल्लोदेउको थान देखि डुंग्राडाँडा सम्म सडक स्तरउन्नती | १०,००,००० | | |
| ७ | मानेचौर देखि रिपी सम्म सडक निर्माण | १०,००,००० | | |
| ८ | तुँहि देखि घोडेसिम सम्म ग्रामिण सडक स्तरउन्नती | ९२६२४० | | |
| ९ | किमु देखि रिपिसाँघुसम्म तटबन्ध | १०,८८,५२० | | |
| १० | सागबाडी देखि नाउलाखोला सम्म पहिरो नियन्त्रण तथा तटबन्ध | १२,००,००० | २,४४,८९,००० | |
| ११ | नूवाकोट खानेपानी ट्यांकी तथा धारा निर्माण (अ.ल्या.) | १२,५०,००० | | |
| | ब्यवस्थापन खर्च १ प्रतिशत | ० | २,४४,८९० | |
| | **जम्मा** | **५९,५६,७६०** | **२,४७,३३,८९०** | |